# सामुदायिक वनको वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

## आ.व. २०८१।८२



लुम्बिनी प्रदेश
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय, रुकुम (पूर्वी भाग)

## रुकुमकोट


संपर्क नं: ०८८-४१३११५
Email: dforukumpurba@gmail.com

Website: dforukumeast.lumbini.gov.np

**भाग-१**

# परिचय

## १.१ डिभिजन वन कार्यालयको संक्षिप्त जानकारी

लुम्बिनी प्रदेशको सबैभन्दा उत्तरमा अवस्थित प्रदेशकै एकमात्र हिमाली जिल्लाको रुपमा रहेको यस रुकुम (पूर्व) जिल्ला ऐतिहासिक रुपबाट बहादुर शाहको नायवी र रण वहादुर शाहको शासनकालमा तत्कालिन बाईसे राज्यहरु मध्येको रुकुमकोट नेपाल राज्यमा गाभिएको पाईन्छ । रुकुमकोटमा रहेको कमल तालको किनारमा रुक्मीणी नाम गरेको देवीको मन्दिर छ । उनकै नामबाट रुकुमकोट नामाकरण भएको र त्यस शब्दको अपभ्रंश भई रुकुम नाम रहन गएको हो भन्ने जनश्रुती पाईन्छ । वि.सं. २०१८ सालमा देशलाई १४ अञ्चल ७५ जिल्लामा विभाजित गरिसकेपछि रुकुम जिल्लाको रुपमा यस जिल्लाले मान्यता पाएको हो । त्यसवेला तत्कालिन रुकुम जिल्लाको सदरमुकाम रुकुमकोटमा थियो । वि.सं. २०३० सालमा साविक रुकुम जिल्लाको सदरमुकाम जुम्ली खलंगामा सारिए पछि हाल यसलाई मुसिकोट खलंगा भनिन्छ जुन अहिले रुकुम (पश्चिम) जिल्लाको सदरमुकाम हो भने रुकुम (पूर्व) जिल्लाको सदरमुकाम हाललाई रुकुमकोटमा रहेको छ । विभिन्न ठाउँमा रहेका साना ठूला पोखरी आकारको स-साना खाल्टाखुल्टी र थुम्का तथा टाकुराहरु प्रशस्त भएको साविक रुकुम जिल्लालाई ५२ पोखरी ५३ टाकुरीको जिल्ला पनि भनिन्छ । ती पोखरी, तातोपानी भएका स्थानहरु तथा टाकुरीहरु मध्ये अधिकाँस पोखरी, खोला किनारमा रहेका तातोपानीका क्षेत्रहरु र टाकुराहरु हालको रुकुम (पूर्वी भाग) जिल्लामा पर्दछन् ।

नेपाल एकिकरणको बेलामा देशको अधिकांश वन तत्कालिन राज्य सत्तासंग सम्बन्ध रहेका व्यक्तिहरुको नाममा निजी रुपमा रहेको विभिन्न तथ्यांक तथा भनाईहरुबाट देखिन्छ । त्यसको फलस्वरुप विभिन्न ठाउँहरुको वन जंगलमा व्यक्ति विशेषको दावी भए पश्चात वन विनाश हुन शुरु भई दिन प्रतिदिन वन जंगलमा ह्रास आई दैनिक आवश्यकताको पूर्तिमा कमी आउन थालेको बेला तत्कालिन सरकारले वि.सं. २०१३ सालमा वन जंगल राष्ट्रियकरण ऐन लागू गरी तालुकदार मुखीया र जिम्मावालको निजी भोगचलनमा रहेको सम्पूर्ण वन जंगल राष्ट्रियकरण गरिएको थियो । यसरी वन जंगललाई राष्ट्रियकरण गर्दा तालुकदार, मुखिया र जिम्मावालहरुले वन जंगल आफूखुशी गर्नबाट बञ्चित भए तर जनतामा वन जंगल भनेको सरकारको सम्पत्ति हो यसमा हाम्रो कुनै हक अधिकार छैन भन्ने भावनाबाट वन जंगलको झन तीव्र रुपमा विनाश हुन थाल्यो । वन

विनाशको त्यो क्रमलाई रोक्नको साथै वन जंगलको संरक्षण, सम्बद्र्धन र सदुपयोग गर्नको लागि तत्कालिन सरकारद्धारा वन ऐन २०१८ लागु गरियो ।

वि.स. २०४० साल अघि यस जिल्लामा जिल्ला वन कार्यालयको स्थापना नभएकोले सल्यान वन डिभिजन अन्तर्गत मुसिकोट इलाका वन कार्यालयबाट यहाँको वन जंगल संरक्षण गर्न थालियो । पछि वि.सं. २०४० सालमा नयाँ संरचना वमोजिम यस जिल्लामा रुकुम जिल्ला वन कार्यालयको स्थापना भयो र सोही वमोजिम वन जंगलको संरक्षण, सम्बद्र्धन र विकास कार्यहरु भई राखेको थियो । नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्नसंरचनाको क्रममा प्रदेश सरकार अन्तर्गत डिभिजन वन कार्यालय रुकुम (पूर्व) को रुपमा स्थापना भई २०७५ कार्तिक देखि विधिवत रुपमा रुकुमकोटमा कार्यालय उद्घाटन भई वन जंगलको संरक्षण, सम्बद्र्धन र विकास कार्यहरु सञ्चालन भई राखेको छ । हालको संघिय संरचना अनुसार रुकुम (पूर्व) जिल्ला अन्तगत सिस्ने गाउँपालिका, भूमे गाउँपालिका र पुथाउत्तरगंगा गाउँपालिका गरी जम्मा ३ वटा गाउँपालिका रहेका छन् भने सिस्ने गाउँपालिका कार्यक्षेत्र रहेको सिस्ने, भूमे गाउँपालिका कार्यक्षेत्र रहेको भूमे, पुथाउत्तरगंगा गा.पा को वडा नं ७-१४ कार्यक्षेत्र रहेको कोल र पुथाउत्तरगंगा गा.पा.को वडा नं. १-६ कार्यक्षेत्र रहेको हुकाम मैकोट सव-डिभिजन कार्यालयगरी जम्मा ४ सव डिभिजन वन कार्यालयबाट फिल्ड स्तरमा सेवा प्रवाह भई रहेको छ ।

## १.२ डिभिजन वन कार्यालय रुकुम (पूर्वी भाग)को कार्यक्षेत्र

**चित्र १. डिभिजन वनको कार्यक्षेत्र नक्सा**



डिभिजन वन कार्यालय, रुकुम(पूर्वी भाग) अन्तर्गत ४ वटा सब-डिभिजन वन कार्यालयहरु रहेका छन् ।रुकुम (पूर्वी भाग) जिल्लाका कूल ३ वटा स्थानीय तह अन्तर्गतका क्षेत्रहरु यस डिभिजन वन कार्यालयको कार्यक्षेत्र अन्तर्गत समेटिएका छन् । डिभिजन वन कार्यालय अन्तर्गतका सब-डिभिजन वन कार्यालयहरु र तिनिहरुको कार्य क्षेत्र भित्र पर्ने क्षेत्रहरु (स्थानीय तहका वडाहरु) को विवरण तलको तालिकामा दिईएको छ ।

**तालिका १: सव-डिभिजन कार्यालयको नाम**

| क्र.सं. | सव-डिभिजन कार्यालयको नाम | सव-डिभिजनको मुकाम | सव डिभिजन वन कार्यालयको सेवा क्षेत्र |
|---|---|---|---|
| १ | सिस्ने | सिस्ने गाउँपालिका वडा नं. ५, रुकुमकोट | सिस्ने गाउँपालिकाको सबै वडा (१-८) |
| २ | भूमे | भूमे गाउँपालिका वडा नं. ३ | भूमे गाउँपालिकाको सबै वडा (१-७) |
| ३ | कोल | पुथा उत्तरगंगा गाउँपालिका वडा नं. १०, तकसेरा | पुथा उत्तरगंगा गाउपालिकाको ७-१४ वडा |
| ४ | हुकाम मैकोट | पुथा उत्तरगंगा गाउँपालिका वडा नं. ४, हुकाम | पुथा उत्तरगंगा गाउपालिकाको १-६ वडा |

## १.३ डिभिजन वन कार्यालयको स्वीकृत वन संगठन

वि.सं. २०४० साल अघि सल्यान वन कार्यालय अन्तर्गत मुसिकोट रेञ्ज कार्यालयले यस जिल्लामा वन संरक्षण तथा विकास सम्बन्धी काम कारवाही गरिरहेकोमा २०४० सालमा गरिएको संगठनात्मक परिवर्तन पश्चात रुकुम जिल्लामा जिल्ला वन कार्यालयको स्थापना हुन गयो। पुनः वि.सं. २०५० सालमा वन विभागको संगठनमा गरिएको परिवर्तन अनुसार यो जिल्ला दुई भागमा विभाजन भई रुकुम(पूर्वी भाग) जिल्ला कार्यक्षेत्र रहेको यो कार्यालय वि.सं. २०७५ साल पश्चात प्रदेश सरकार अन्तर्गत रुकुम (पूर्वी भाग) जिल्लाको डिभिजन वन कार्यालयको रुपमा स्थापना भई कार्यसञ्चालनमा रहेको छ। हालको स्वीकृत दरवन्दी अनुसार कर्मचारीको संख्या ३६ जना रहेको छ।

# डिभिजन वन कार्यालय, रुकुम(पूर्वी भाग)को संगठन संरचना



## १.४ डिभिजनमा वन व्यवस्थापनको अवस्था

यस डिभिजन वन कार्यालय अन्तर्गतका वन क्षेत्रहरुमा विभिन्न वन व्यवस्थापनका पद्दतीहरु अवलम्बन गरिएको छ । वन व्यवस्थापनका पद्दतीहरु मध्ये समुदायमा आधारित वन व्यवस्थापन पद्दती प्रमुख रुपमा रहेको छ  जुन सफल पद्दती सिद्ध भई देश व्यापी रुपमा लागु भई रहेको पनि छ। यस डिभिजन अन्तर्गत सरकारद्वारा व्यवस्थित वनको क्षेत्र एकदमै धेरै रहेको छ जुन विशेषगरी समुदायमा हस्तान्तरण गर्न नसकिएका वा नदि, खोलाले ओगटेका क्षेत्रहरु पर्दछन् । डिभिजन अन्तर्गत अवलम्बन गरिएका विभिन्न वन व्यवस्थापन का पद्दती र क्षेत्रफलको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: वन व्यवस्थापन पद्दतीहरु**

| सि. नं. | गाउँपालिकाको नाम | सा.व.उ.स. | | | क.व.स. | | | निजि वन | | मुख्य प्रजाती | मुख्य वन्यजन्तु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | क्षेत्रफल (हे.) | घरधुरी | संख्या | क्षेत्रफल (हे.) | घरधुरी | संख्या | क्षेत्रफल (व.मि.) | | |
| १ | सिस्ने सब डिभिजन | ६५ | ४५०३.९७ | ५९६६ | ६ | ३२.६३ | ७५ | १ | ४,६४५ | बाभ्क, खस्रु, ओखर | हिउँ चितुवा, कस्तुरी मृग, रतुवा मृग, बँदेल आदी |
| २ | भुमे सब डिभिजन | ५५ | ६४२४.०५ | ६५५० | ७ | १४.२४ | ८५ | १ | १३,३७५ | ठिग्रे सल्ला, खस्रु | हाब्रे, रतुवा मृग, बँदेल आदी |
| ३ | कोल सब डिभिजन | २२ | ३१६७.२२ | २४८७ | २ | ३.६२ | २१ | ८ | २४,७८० | खोटे सल्ला, ठिंग्रे सल्ला, खस्रु, बाँभ्क | हिउँ चितुवा, घोरल, हाब्रे, कस्तुरी मृग आदी |
| ४ | हुकाम मैकोट सब डिभिजन | ११ | १३६४.९१ | ११३९ | ० | ० | ० | ० | ० | खोटे सल्ला, गोब्रे सल्ला,खस्रु, बाँभ्क | हाब्रे, कस्तुरी, घोरल, रतुवा, बँदेल आदी |

# भाग - २

## सामुदायिक वनहरुको अनुगमन, निरीक्षण र बिश्लेषण

### २.१. पृष्ठभूमि :

वन तथा भू-संरक्षण विभागको पछिल्लो तथ्यांक अनुसार नेपालमा २२ हजार २ सय ६६ सामुदायिक वन उपभोक्ता समूह गठन भई २२ लाख ३७ हजार ६ सय ७० हेक्टर राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय उपभोक्ता समूहलाई हस्तानतरण गरिएको छ । करिब २९ लाख परिवार सामुदायिक वन उपभोक्ता समूहमा अबद्ध छन् । समूहलाई हस्तान्तरित सामुदायिक वनको क्षेत्रफल नेपालको कुल राष्ट्रिय वनको ४१ प्रतिशत हुन आउंछ । सामुदायिक वन हस्तान्तरण कार्य जारी छ र भविष्यमा यो क्षेत्रफल अझै बढ्नेछ ।

सामुदायिक वन विकासको अवधारणा वि सं. २०३० को दशकदेखी लागु भएको भए तापनि यसलाई कानुनी रुपमा अगाडी बढाउने काम वन विकास गुरुयोजना, २०४५ को बिकाश पश्चात भएको हो । वन विकास गुरुयोजना नेपालको ऐतिहासिक आन्दोलन, २०४६ पछि आएको परिवर्तन पश्चात् मुर्त रुपमा अगाडी आएको देखिन्छ । वन ऐन, २०४९ र वन नियमावली, २०५१ लागु भई सकेपछि कानुनी रुपमा स्थानिय उपभोक्ताहरुलाई संरक्षण र सम्बर्द्धन गर्न सक्ने जति राष्ट्रिय वन सामुदायिक वनको रुपमा समुह गठन गरी सामुदायिक वन हस्तान्तरण गर्ने प्रकृया द्रुत गतिमा अगाडी बढेको पाईन्छ । हाल वन ऐन, २०७६ ले यस कार्यलाई निर्देशित गरेको छ ।

स्थानीय स्वचालित संयन्त्रका रुपमा परिचालित हुंदैं उपभोक्ता समुहले सामुदायिक वन व्यवस्थापन त गरेका छन् नै, वनबाट प्राप्त श्रोत र आफ्नै मानवीय तथा संस्थागत श्रोत परिचालन गरी एकीकृत स्थानीय विकासमा उल्लेख्य टेवा पुर्‍याएका छन् । सामुदायिक वन विकासका प्रकृयागत तथा संरचनागत व्यवस्था लगायत वन व्यवस्थापनबाट प्राप्त आयले स्थानीय सामाजिक, आर्थिक परिवर्तनका लागि बिउ पुँजिको काम गरेको छ । स्थानीय स्तरमा आफ्ना समस्या आफैं पहिचान गर्ने र निर्धारित विधि भित्र रहेर समाधान गर्ने क्षमता तथा संस्कार, काम प्रतिको समर्पण र तत्परताको विकास गरेको छ । प्राप्त परिमाणका आधारमा नेपालको सामुदायिक वनले स्थानीय तथा राष्ट्रिय स्तरमा सरोकारवालाबाट साथ सहयोग, पहिचान तथा ख्याति आर्जन गर्न सफल भएको छ ।

वन तथा भू-संरक्षण मन्त्रालयले लैङ्गिक तथा सामाजिक समाबेशीकरणको रणनीतिलाई आत्मसात गरेको सन्दर्भमा वन ब्यबस्थापन र उपभोगमा महिलाहरुको प्रभावकारी सहभागिता बढाउन आर्थिक तथा सामाजिक श्रोतको पहुँच र नियन्त्रणमा रहेको लैङ्गिक असमानता हटाउन वन विकाससंग संबन्धित सबै कार्यक्रम र सभाहरुमा लैङ्गिक समानता अभिबृद्धि गरी नेतृत्व तहमा महिलाहरुको प्रभावकारी सहभागिता बढाउने सोचलाई मुर्त रुप दिने प्रयास भईरहेको छ ।

विगत तीन दशकदेखी सामुदायिक वन विकास कार्यक्रमले ब्यापक सफलता पाएको कुरा सामुदायिक वन प्रति बढ्दो आकर्षण र वन हस्तान्तरण पछि सुध्रिएको वनको हैसियतले देखाउछ । यसको अतिरिक्त सामुदायिक वन बिकास कार्यक्रम, वनको बिकासमा मात्र सिमित नरहेर सामजिक आर्थिक विकास पद्दतीको एउटा नमूनाको रुपमा देखा परेको छ ।

सामुदायिक वन उपभोक्ता समुहको ब्यबस्थापनका लागि संस्थागत रुपमा रहेको समितिको क्रियाशिलता, समुह प्रतिको उत्तरदायित्व, संस्थागत रुपमा संचालन हुने बैठक, सभा, लेखा (आयब्यय) बिवरणको नियमितता र पारदर्शिता बाट नै दिगोपना बढ्ने स्थिती रहन्छ । यो प्रकृयामा समुहहरु रहे नरहेको, वनको हैसियतमा परिवर्तन देखा परेको वा नपरेको, सरकारले तय गरेको वन नीति अनुरुप वन विकास कार्यमा खर्च भएको वा नभएको, लैङ्गिक उत्तरदायि बजेटलाई प्राथमिकता दिए नदिएको आदिको अवस्थाबारे जानकारी प्राप्त गरी सकारात्मक पक्षलाई बढावा दिने सिकाईहरु (सकारात्मक वा नकारात्मक) लाई सकारात्मक रुपमा अनुभव आदान प्रदानको रुपमा प्रसारमा ल्याउन गरिने सन्दर्भलाई मुल लक्ष्यको रुपमा राखी सामुदायिक वन उपभोक्ता समुहहरुको हरेक बर्ष भए गरेका क्रियाक्लापहरुहरुको अनुगमन गरी अभिलेख दुरुष्त राख्ने प्राबधान २०५२ मा प्रकाशित सामुदायिक वन बिकास कार्यक्रमको मार्गदर्शनमा उल्लेख भए अनुरुप प्रारम्भ भई आएको हो । अनुगमन र मूल्यांकन कार्यलाई प्रभाबकारी तुल्याउने र निरन्तरता दिदै प्राप्त अनुभवको आधारमा २०५८ मा दिग्दर्शन पहिलो पटक परिमार्जन, २०६५ सालमा दोश्रो पटकको परिमार्जन र सामुदायिक वन विकास मार्गदर्शन, २०७१ अनुसार बुँदा ६.७ को “अनुगमन तथा अभिलेखीकरण” अर्न्तगत शिर्षकमा समाबेश भएको छ । मार्गदर्शन, २०७१ को अनुसूची १५ मा समाबेश भएको अनुगमन फाराम ढाँचा बमोजिम समुहहरुको बार्षिक क्रियाक्लापको अवस्था पहिचान गरी अभिलेखीकरणलाई निरन्तरता दिन, वनको संरक्षण, सदुपयोग, आर्थिक पारदर्शिता, विपन्न र सहभागीमुलक बनाउन मार्गदर्शनबाट सहयोग मिलेको छ ।

## २.२ अनुगमन तथा निरीक्षणको उद्धेश्य :

- यस डिभिजन अन्तर्गत रहेका सामुदायिक वनहरुको बारेमा तथ्यांक संकलन गरी बिश्लेषण गर्ने ।
- सामुदायिक वन संरक्षणका लागि समुहले अपनाएको विधि, तरिकाहरु तथा ब्यबस्थापनको स्थिती पहिचान गर्ने ।
- सामुदायिक वनबाट भएको आम्दानी र सो आम्दानीको लगानी तथा खर्च गरिएको क्षेत्र तथा खर्च गर्ने तरिकाहरुको लेखाजोखा गर्ने ।
- समुहबाट प्राप्त जानकारीको आधारमा उपभोक्ता तथा कार्यसमितिलाई आवश्यक कार्यक्रमहरु पहिचान गर्न टेवा पर्‍याउने ।
- समुहमा देखा परेका समस्या र तिनका समाधानका बारेमा बिबेचना गर्ने ।
- उपभोक्ता समूहको संस्थागत विकास तथा अवस्थाको जानकारी तथा समूहलाई आवश्यक पर्ने तालिम, सिप विकास कार्यक्रमहरुको पहिचान गर्ने ।
- सामुदायिक वनको संस्थागत विकासका विभिन्न पक्षहरुको अध्ययन, विश्लेषण गरी संस्थागत विकासका विभिन्न पक्षहरुको सुधारात्मक उपायहरु अपनाउन सम्बद्ध पक्षहरुलाई अभिप्रेरित गर्ने ।
- वन पैदावार संकलन तथा सदुपयोगको अवस्थाको बिश्लेषण गर्ने ।
- सामुदायिक वनको विधान तथा वन कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि सहयोग पुर्‍याउने ।
- सामुदायिक वनको क्रियाकलापमा महिला, गरीबि तथा विपन्न बर्गको सहभागिताको अवस्था मूल्यांकन गरी सो अनुरुप सिफारीस गर्ने ।
- अनुगमन गरिएका सामुदायिक वनहरुको समग्र मूल्यांकन गरी तिनीहरुलाई स्तरीकरण तथा अभिलेखीकरण गर्ने ।

## २.३ अनुगमन गर्दा अपनाईएका बिधि तथा प्रकृयाहरु

अनुगमन गर्दा हस्तान्तरीत १५३ वटा सामुदायिक वनहरु मध्ये सवै सामुदायिक वनको प्रतिनिधित्व हुने गरी ४ वटै सव डिभिजन वन कार्यालय तथा सवै स्थानीय तह भित्रका सक्रिय र निस्कृय दुवै किसिमका सामुदायिक वनको प्रतिनिधित्व हुने गरी १२० वटा सामुदायिक वनको अनुगमन गरी सो को आधारमा नतिजा प्रक्षेपण गरीएको छ । अनुगमन गर्दा उपभोक्ता समुह र सामुदायिक वनहरुको भरपर्दो जानकारी प्राप्त गर्नको लागि डिभिजन वन कार्यालयमा तयार गरिएको परिमार्जित फारम प्रयोग गरिएको थियो । अनुगमन कार्यलाई मुख्यतः दुई भागमा बिभाजन गरिएको थियो ।

**(क) उपभोक्ता समुहको अनुगमन**

यस अर्न्तगत प्रायः सबै जानकारीहरु उपभोक्ता समुहको कार्यालयमा रहेको अभिलेख र समुहका पदाधिकारीहरु संग कुराकानी तथा छलफलबाट लिईएको थियो ।

**(ख) सामुदायिक वनको अनुगमन**

यस अर्न्तगतको विवरणहरु सामुदायिक वनको अवलोकन भ्रमण तथा समुहको अभिलेख र पदाधिकारीहरु संगको कुराकानी र अर्न्तक्रिया तथा छलफलबाट लिईएको थियो ।

माथी उल्लेखित दुबैक्षेत्र/पक्षको जानकारी संकलनको लागि निम्न बिधि अपनाईएको थियो ।

- समुहका पदाधिकारीहरुसंग छलफल
- समुहमा उपलब्ध अभिलेखहरुको अध्ययन
- सामुदायिक वनको अवस्था निरीक्षण
- सब-डिभिजनबाट प्राप्त जानकारी
- डिभिजन वन कार्यालयमा उपलब्ध जानकारीहरुको बिश्लेषण

**(ग) तथ्यांक संकलन विधि**

सामुदायिक वन विकास कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा निदृष्ट गरिएको अनुसूचि अनुसारको फारम तथा डिभिजन वन कार्यालयले छलफल गरी तयार पारेको रोजगारी विवरण सम्बन्धि फारम प्रयोग गरी तथ्यांक संकलन गरिएको हो ।

### २.४ अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण तथा सो को बिश्लेषण

डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गत पर्ने सामुदायिक वन उपभोक्ता समूहरुको नियमित अनुगमन गर्ने कार्यक्रम बमोजिम यस आ.व. मा पनि सहभागितामूलक पद्दती अपनाई अनुगमन तथा विवरण संकलन गर्ने कार्य गरेको हो । साबिक जिल्ला वन कार्यालय, रुकुम मा दर्ता भई यस डिभिजन वन कार्यालयको कार्य क्षेत्र भित्र पर्ने र यस डिभिजन वन कार्यालयको स्थापना भई नया दर्ता भएका गरी कूल १५३ वटा सामुदायिक वन उपभोक्ता समूहहरु मध्ये १२० वटा सा.ब. को अनुगमन तथा मूल्यांकन कार्य सम्पन्न गरिएको छ । समुहको आवधिक निरीक्षण र अनुगमन गर्ने सिलसिलामा फिल्डमा कार्यरत कर्मचारीहरुले आ-आफ्नो सब-डिभिजन अर्न्तगत पर्ने सामुदायिक वनहरुको अनुगमन गरी विवरण संकलन गरिएको हो । यसर अनुगमन निरिक्षणबाट प्राप्त जानकारी एवं विरणका आधारमा उपभोक्ता समूहहरुको बिधान तथा वन कार्ययोजना कार्यान्वयनको स्थिती, वन संरक्षण तथा ब्यबस्थापन, वन विकास, सम्बर्द्धन, सदुपयोगको स्थिती तथा संस्थागत बिकास लगायत बिबिध आयामहरुको बिश्लेषण गरी प्राप्त बिवरणहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.४.१ अनुगमन तथा निरीक्षण गरिएका सामुदायिक वनहरुको सब-डिभिजन अनुसारको विवरण

यस डिभिजन अन्तर्गत हाल सम्म हस्तान्तरित कूल १५३ सामुदायिक वनहरु मध्ये १२० वटा सामुदायिक वनहरुको अनुगमन फारम भरी विवरण संकलन गरिएको हो ।

**तालिक ५: अनुगमन गरिएका सामुदायिक वनहरुको विवरण**

| क. स. | सब-डिभिजनको नाम | अनुगमन गरिएका सामुदायिक वनको | | | कैफियत |
|---|---|---|---|---|---|
| | | समुह संख्या | लाभान्भित घरधुरी | सामुदायिक वनको क्षेत्रफल (हे.) | |
| १ | सिस्ने | ५० | ४८७६ | ३५५०.७३ | |
| २ | भूमे | ४८ | ५८३८ | ५९४३.७१ | |
| ३ | कोल | १३ | १५८१ | २४५६.१७ | |
| ४ | हुकाम मैकोट | ९ | १४४८ | १७५०.६१ | |
| **जम्मा** | | १२० | १३७४३ | १३७०१.२२ | |

### २.४.२ कार्यालय संचालन

सामुदायिक वनको कार्यालय संचालनको अवस्था विश्लेषण गर्दा  यस रुकुम(पूर्वी भाग)को भूमे सव डिभिजन वन कार्यालय अन्तर्गत पर्ने भुईंचालो सामुदायिक वनको मात्र आफ्नै भवन रहेको पाईएको छ भने बाँकी सबै  सामुदायिक वनहरुले समूह सदस्यको घरमा कार्यालय संचालन गर्दै आएका छन् ।

### २.४.३ औषत घरधुरी

सामुदायिक वनको समग्र तथ्याङ्कको आधारमा प्रति सामुदायिक वन औषत ११४ घरधुरी रहेको पाईन्छ । जसमध्ये हुकाम मैकोट सव डिभिजन वन कार्यालय अन्तर्गतका सामुदायकि वनहरुमा सवैभन्दा वढी औषत १६० घरधुरी रहेका छन् भने सवैभन्दा कम सिस्ने सव डिभिजन वन कार्यालय अन्तर्गतका सामुदायिक वनहरुमा औषत ९८ घरधुरी रहेकाछन् । भूमे सव डिभिजन वन कार्यालय र कोल सब डिभिजन वन कार्यालयमा रहेका सामुदायिक वनको समान १२१ औषत घरधुरीहरु आवद्ध रहेको पाइएको छ ।




### २.४.४ सामुदायिक वनको औषत क्षेत्रफल

डिभिजन वन कार्यालय रुकुम(पूर्वी भाग)बाट हस्तान्तरीत सामुदायिक वनको तथ्याङ्क विश्लेषण गर्दा एउटा सामुदायिक वन उपभोक्ता समूहलाई औषतमा ११४.१७ हेक्टर वन क्षेत्र हस्तान्तरण गरेको पाईन्छ। जसमध्ये सबैभन्दा बढि औषत क्षेत्रफल(१९४.४४) हुकाम मैकोट सव डिभिजन वन कार्यालय अन्तर्गत रहेका सामुदायिक वनहरुको र सबै भन्दा कम औषत क्षेत्रफल(७१.०१) सिस्ने सव डिभिजन वन कार्यालय अन्तर्गत रहेका सामुदायिक वनहरुको रहेको छ। त्यसैगरी सामुदायिक वनको तथ्यांक

विश्लेषण गर्दा प्रति घरधुरी ०.९९ हेक्टर पर्ने देखिएता पनि कतिपय घरधुरीहरु दोहोरो घरधुरीको रुपमा रहेको हुंदा प्रति घरधुरी सामुदायिक वनको क्षेत्रफल केही वढ्ने देखिन्छ ।







### २.४.५ सामुदायिक वनको कार्यसमितिमा महिला सहभागिता

सामुदायिक वन उपभोक्ता समितिको गठन गर्दा कार्यसमितिमा ५० प्रतिशत महिलाको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने र अध्यक्ष र सचिव मध्ये १ जना महिला हुनुपर्ने प्राबधान सामुदायिक वन बिकास मार्गदर्शन, २०८१ ले औल्याएको छ । अनुगमन गरिएका सामुदायिक वन उपभोक्ता समूहहरुको कार्यसमितिमा महिला तथा पुरुषको प्रतिनिधित्व निम्न बमोजिम रहेको पाईएको थियो ।

यस डिभिजन अन्तर्गत समग्र सामुदायिक वन उपभोक्ता समूहहरुमा कार्य समितिमा  महिलाको उपस्थितिको विश्लेषण हेर्दा ५० प्रतिशत भन्दा कम नै देखिन्छ । कार्यसमितिमा अध्यक्ष र सचिव मध्ये एक जना महिलाको सहभागिता हुनु पर्ने कुरामा पनि सो प्रावधानको सुनिश्चितता अधिकांश सामुदायिक वनमा नरहेको पाईएको छ । सा्दायिक वन उपभोक्ता समितिको कार्य समितिमा अनिवार्य रुपमा ५० प्रतिशत महिलाको सुनिश्चितता गर्न सिफारिश गरिएको छ । कार्य समतिमा  लैंगिक सहभागिताको स्थिति तलका चार्टहरुमा प्रस्तुत गरिएको छ ।

**रेखा चित्र २: सामुदायिक वनका महिला सहभागितको स्थिति**






### २.४.६ सामुदायिक वन उपभोक्ता समितिमा महिला नेतृत्व

सामुदायिक वनको नेतृत्वमा महिला पुरुषको अवस्था कस्तो रहेको छ सो अध्ययन गर्दा समग्रमा ११% सामुदायिक वनको नेतृत्व महिलाले संहालेको पाईन्छ भने ८९% सामुदायिक वनको नेतृत्व पुरुषले संहालेको देखिन्छ ।




### २.४.५ सामुदायिक वनको कार्यसमितिमा महिला सहभागिता

सामुदायिक वन उपभोक्ता समितिको गठन गर्दा कार्यसमितिमा सबै जातजाती तथा समुदायको प्रतिनिधित्व हुनुपर्ने प्राबधान सामुदायिक वन बिकास मार्गदर्शन, २०८१ ले औल्याएको छ । अनुगमन गरिएका सामुदायिक वन उपभोक्ता समूहहरुको कार्यसमितिमा जातजातीको प्रतिनिधित्व निम्न बमोजिम रहेको पाईएको थियो ।

यस डिभिजन अन्तर्गत समग्र सामुदायिक वन उपभोक्ता समूहहरुमा कार्य समितिमा  जातजातीको सहभागीता विश्लेषण हेर्दा सबै भन्दा धेरै जनजातीको सहभागीता तथा सबैभन्दा कम दलित समुदायको सहभागीता भएको देखिन्छ । कार्य समतिमा जातजातीको सहभागिताको स्थिति तलका चार्टहरुमा प्रस्तुत गरिएको छ ।

**रेखा चित्र ३: सामुदायिक वनका जातजातीको सहभागितको स्थिति**






## २.४.६ बैठक

सामुदायिक वनको नेतृत्वमा उपभोक्ता समूहले आवश्यकता अनुसार आमभेला तथा कार्य समितिको वैठक वसी विविध विषयमा निर्णय गर्ने गर्छन । सामान्यतया वैठक कहिले कहिले वस्ने भन्ने विषयमा विधानमा नै उल्लेख भएको हुन्छ तर पनि कतिपय अवस्थामा सो अनुसार वैठक संचालन नभएको र कतिपय अवस्थामा थप वैठकहरु पनि संचालन गर्नु पर्ने हुन्छ । आमभेला तर्फ हस्तान्तण भएका सामुदायिक वन उपभोक्ता समूहहरुको कार्ययोजना अनुसार वस्नु पर्ने वैठक र वसेको वैठकको आधारमा संख्यात्मक रुपमा सवैभन्दा कम(औषतमा) बैठक भूमे र कोल सब डिभिजन वन कार्यालयमा (५-५) रहेको भएको पाईन्छ भने हुकाम मैकोट सब डिभिजन वन कार्यालय अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहले औषतमा सबै भन्दा बढि(८) पटक वार्षिक रुपमा बैठक बस्ने गरेको पाईन्छ। समग्रमा हेर्दा रुकुम(पूर्वी भाग)का सामुदायिक वन उपभोक्ता समुहले वार्षिक रुपमा औषतमा ७ पटक मात्र बस्ने गरेको र न्युनतम बस्नुपर्ने बैठक संख्यामा समेत बस्ने नगरेको देखिन्छ।




### २.४.७ बन्यजन्तुको स्थिति :

यसमा सामुदायिक वन अनुगमन तथा निरीक्षणको क्रममा स्थानिय जनता, श्रोत व्यक्तिहरुसंगको सोधपुछ, बाटोमा हिडदुल गर्ने बटुवाहरुको भनाई तथा वन संरक्षण तथा व्यबस्थापन संबन्धि त्यस सामुदायिक वनको पुराना रेकर्डहरु समेत अध्ययन गर्दा पहिले र हालको अवस्थामा सो बनक्षेत्रमा पाईने बन्यजन्तुको स्थिती प्रतिशतमा निम्नानुसार रहेको पाईयो । यस तथ्यांक विश्लेषणका लागि सामुदायिक वनमा कुनै एक वा दुई प्रजाति बढेको अवस्थामा समग्रमा बन्यजन्तु बढेको र कुनै एक वा दुई प्रजाति बढी अन्य कुनै एक वा दुई प्रजाति घटेको अवस्थामा समग्रमा बन्यजन्तु यथावत रहेको मानी विश्लेषण गरिएको छ । वन्यजन्तुहरुको सवालमा खासगरी रतुवा र घोरल लगायतका वन्यजन्तुहरु बढेको पाईएको छ ।

**रेखा चित्र ३: सामुदायिक वनमा बन्यजन्तुको स्थिति**




## २.४.८ सामुदायिक वनको अवस्था :

स्वस्थ वनको एउटा महत्वपूर्ण आधार भनेको वनमा सबै उमेर समूहका विरुवा तथा रखहरुको उपलब्धता हुनु हो । यस डिभिजन अन्तर्गतका सामुदायिक वनहरुमा विरुवा, लाथ्रा, पोल तथा रुखको संख्याको अनुपात विश्लेपण गरी हेर्दा सामुदायिक वनको अवस्था तलको चित्रबाट देख्न सकिन्छ ।वनको स्वस्थतालाई सन्तोषजनक नै मान्न सकिने देखिएको छ ।



### २.४.९ समूहहरुको आम्दानी खर्चको विवरण :

वन ऐन, २०७६ को दफा २२ अनुसार उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बांकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसंग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्ने र यसरी खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गर्न सकिने भनि उल्लेख भएको देखिन्छ । लुम्बिनी प्रदेशको एक मात्र हिमाली जील्ला रुकुम(पूर्वी भाग)को कुल क्षेत्रफलको करिव ५० प्रतीशत वन क्षेत्रले ढाकेको भएतापनी यहाँका अधिकांश सामुदायिक वन क्षेत्र अनउत्पादनशिल भएको र केही उत्पादनशिल सामुदायिक वन भौगोलिक हिसावले एकदम कठिन भूभागमा अवस्थित रहेको हुँदा यहाँका काठदाउरा कटान गरि बाहिरि विक्रि वितरण गर्न सम्भव नभएकोले वन पैदावर विक्रि वितरण बाट समुदायमा आम्दानी नहुने र केही सामुदायिक वन उपभोक्ता समुहले वनबाट दाउरा संकलन गरेवापत जम्मा भएको रकम उपभोक्ताको हित तथा वन विकास, संरक्षण र व्यवस्थापनमा खर्च गर्ने पाईएको छ ।

## २.५ अनुगमन तथा निरीक्षणको कममा देखिएका समस्या र समाधानका लागि सुझावहरु

### २.५.१ वन कार्ययोजना कार्यान्वयनमा देखिएका समस्याहरु :

(क) <u>सहभागिता तर्फ</u>

- सामुदायिक वन ब्यबस्थापन कार्यमा आम उपभोक्ताहरुको सहभागिता कम हुनु ।
- आम भेला तथा नियमित बैठकहरुमा महिलाको सहभागितालाई प्राथमिकता नदिनु ।
- कार्यसमितिमा महिलाको प्रतिनिधीत्व न्यून संख्यामा हुनु ।
- समुहको बिधान तथा वन कार्ययोजनामा उल्लेख भएका प्राबधान, नियम आदि बारे सबै उपभोक्ताहरुलाई जानकारी नहुनु र सबैको सहभागितालाई बढाउने गरी त्यस्ता प्राबधानहरु जानकारी गराउन सहभागितामुलक कार्यक्रम सञ्चालन हुन नसक्नु ।
- आम भेलाहरुमा महिलाको सहभागिता केवल उपस्थितीका लागि मात्रै गराउने चलन बढनु र निर्णय प्रकृयामा सहभागिता गराउने प्रोत्साहन नगरिनु ।

(ख) <u>संस्थागत तर्फ</u>

- समुह तथा समितिले गर्ने सम्पुर्ण कार्यहरु केवल केही पदाधिकारीहरुले मात्र जिम्मेबारी लिनु ।

- कार्यसमितिका पदाधिकारीहरुलाई नेतृत्व बिकास, सशक्तिकरण, लेखा सुदढीकरण तथा रेकर्डकिपिंग आदीजस्ता कार्यक्रम संचालन नहुनु ।
- सामुदायिक वन विकास संबन्धि प्राप्त सूचना, नियमहरुको प्रचारप्रसार नहुनुले पनि संस्थागत पक्ष कमजोर भएको छ ।
- कार्यसमिति परिबर्तन हुंदा नया नेतृत्व सम्हाल्नेलाई पुरानो समितिले आफ्नो जिम्मामा रहेको नगदी कारोबार, जिन्सी, सरसामान तथा अभिलेख तथा कागजातहरु बरबुझारथ नगर्नुले पनि समस्या सिर्जना हुने गरेको ।
- सामुदायिक वन उपभोक्ता समुहले गरेको कृयाक्लापको विवरण, लेखापरिक्षण प्रतिबेदन तथा बार्षिक प्रगति प्रतिबेदन समयमा डिभिजन वन कार्यालयलाई नबुझाउनु ।

(ग) <u>वन बिकासा कृयाकलाप र समन्वयत तर्फ</u>

- वन विकास कार्य संचालनको लागि समुहले योजना अनुरुप कार्य गरेको नदेखिनु ।
- महिला, दलित, जनजाती तथा विपन्न वर्गका लागी आयमुलक कार्यक्रमहरु संचालन गर्न नसन्नु ।
- समुहको विकास, आयआर्जनका क्रियाकलाप संचालन र अन्य सामुहिक बिकासका लागि अन्य निकाय, संघसंस्थाहरु संग समन्वय राख्ने कार्यमा पहल नगर्नु ।
- सब डिभिजनका कर्मचारी र सामुदायिक वन उभपोक्ताहरु बिच समयानुकुल अर्न्तक्रिया कम हुनु ।
- आयमुलक कृयाकलाप, जडिबुटी खेती, वनसंग सम्बन्धित रोजगारमुलक कार्यक्रमहरुको ज्ञान, योजना निर्माण गर्ने कार्यमा अनुभव नहुनु ।

(घ) <u>अन्य समस्याहरु</u>

- कार्य अवधी समाप्त भएका सामुदायिक वन कार्ययोजनाहरुको नवीकरण गर्न समुह अग्रसर नहुनु ।
- समुह, समितिका पदाधिकारीहरुले क्षेत्राधिकार भन्दा बाहिर गएर काम गर्नु ।
- सामुदायिक वन उपभोक्ताहरु बिचमा हुने जातिय, राजनैतिक बिबादले वन संरक्षणमा असर गर्नु ।

- वन समुहहरुबिच वनको सिमानालाई लिएर बिबाद हुनु ।
- वन पैदावारको चोरी निकासी अबैध कटानी हुनु ।

### २.५.२ समस्या समाधानका लागि सुझाब

(क) वन उपभोक्ता समुहका लागि सुझाब

- वन समुह, समितिले बिभिन्न कार्यक्रम गरी बिधान, कार्ययोजना र सामुदायिक वन संबन्धि आम उपभोक्ताहरुलाई नीति नियम बारे जानकारी दिई वन बिकास र ब्यबस्थापनमा सहभागिता जुटाउनु पर्ने ।
- समुह समितिको अध्यक्ष र कोषाध्यक्ष पदमा कम्तिमा एक जना महिला अनिबार्य, समुह समितिको उपाध्यक्ष र सचिव पदमा कम्तिमा एक जना महिला अनिबाय र कम्तिमा ५० प्रतिशत महिला सदस्य समाबेश गरी निर्णय प्रकृयामा अवसर दिनुपर्ने ।
- समुहको भेलामा सहभागिता बढाउन अग्रिम सूचना दिने, महिला सहभागिताका लागि महिला सदस्य (समितिमा रहेका सदस्य) लाई सक्रिय गराउन तर्फ ध्यान दिनुपर्ने ।
- बिधान तथा कार्ययोजना तयारीको अवस्था देखी कार्यान्वयनको क्रियाकलापमा सबै जातजाति, महिला, बिपन्न र पछाडी पारिएका वर्गको सहभागिता गराउने खालको वातावरण तयार गरी उनिहरुको चाहना अनुरुपको योजना, आयमुलक क्रियाकलाप समाबेश गर्नुपर्ने । यस कार्यका लागि समुहले बिउकोष र घुम्तिकोष स्थापना गर्नुपर्ने ।
- वन उपभोक्ता समुह, समितिले आफुले बर्षभरी गरेका कार्य, आर्थिक विवरणको सार्बजनिक सुनुवाई गर्नुपर्ने र उपभोक्ताको जिज्ञासा, गुनासाहरुको उचित तर्क र निवारण प्रस्तुत गरी भावी दिनहरुमा त्यसतर्फ सचेत रहनुपर्ने ।
- समुहले आयमुलक संबन्धि योजना निर्माण गरी महिला, बिपन्न र पछाडी पारिएका वर्गलाई प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्ने र समय समयमा सुझाब दिई अनुगमन गर्ने ।
- समुहले अनिबार्य रुपमा लेखापरिक्षण गरी बार्षिक प्रतिबेदन सहित डिभिजन वन कार्यालयमा बुझाउनु पर्ने ।

- समिति परिवर्तन हुने क्रममा पुराना समितिले आफ्नो जिम्मामा रहेको नगद, जिन्सी कागजात तथा रेकर्डहरु अनिवार्यरुपमा हस्तान्तरण गर्नुपर्ने ।
- वन समुहभित्र वन ब्यबस्थापन, आयमुलक तथा संस्थागत बिकास संबन्धि श्रोत ब्यक्तिहरु तयार गरी उनिहरुको माध्यमबाट समुह ब्यबस्थापनमा सहभागिता जुटाउनुपर्ने ।
- समुह, समितिबाट भए गरेका निर्णयहरु सम्पूर्ण उपभोक्ता सम्म पुरयाई पारदर्शिता अपनाउनुपर्ने ।
- समिति गठन तथा वन ब्यबस्थापनका क्रियाकलाप संचालनका क्रममा समय समयमा हुने गरेको राजनैतिक हस्तक्षेप न्यूनीकरण गर्नुपर्ने ।

(ख) सब-डिभिजन वन कार्यालयलाई सुझाव

- समुहको बिधान, कार्ययोजना संसोधन, नवीकरण तथा लेखन कार्य गर्दा नै वन समुहको अवस्था अनुसार वन ब्यबस्थापन, समुहको संस्थागत बिकास, आयआर्जनका क्रियाक्लापका लागि स्पष्ट योजना निर्माणमा सहयोग गर्नुपर्ने ।
- कार्ययोजना अर्न्तगत नै कोष परिचालन र  स्वरोजगार तथा गरीबि न्यूनीकरणका लागी बिउकोष तथा घुम्तिकोष स्थापना संबन्धि ब्यबस्था बारे योजनामा समाबेश गर्ने ।
- वनक्षेत्रमा भएको श्रोत बारे समुह, समिति मार्फत् जानकारी गराई वन पैदावार निष्कासन गर्न सकिने मात्र बिक्रि बितरण गर्न स्पष्ट गराउनुपर्ने ।
- बिधान, कार्ययोजना तयारीका क्रममा विपन्न, जनजाति, महिलाको सहभागिता जुटाउने गरी प्रचारप्रसार र भेला गराई समितिमा ५० प्रतिशत अनिबार्य महिला सदस्य रहने गरी कार्य गर्नुपर्ने ।
- आफ्नो कार्य क्षेत्र अर्न्तगतका सबै सामुदायिक वनहरुको रेकर्ड प्रोफाईल तयार गरी राख्नुपर्ने ।

(ग) डिभिजन वन कार्यालयलाई सुझाब :

- प्रत्येक सब डिभिजनहरुबाट सामुदायिक वन ब्यबस्थापन संबन्धि भईरहेको क्रियाक्लापको जानकारी लिई समुहलाई सब डिभिजन मार्फत् सुझाब दिनुपर्ने ।

- उपभोक्ता समुहबाट लेखापरिक्षण तथा बार्षिक प्रतिबेदनहरु तयार गरी प्रस्तुत भए नभएको बिवरण लिई सब डिभिजन मार्फत् नै अनिबार्य रुपमा प्रस्तुत गर्ने परिपाटीको बिकास गर्नु पर्ने ।
- वन समुह तथा वन कार्यालयको पहलमा समुहहरुको श्रोतसाधनका उपयोग गरी आय आर्जनका कार्यक्रम र अर्न्तक्रिया कार्यक्रम संचालन गर्ने रणनीति तथा कार्यक्रम वनाउनु पर्ने ।
- प्रत्येक सब डिभिजन अर्न्तगत एक-एक वटा नमूना सामुदायिक वनको विकास गर्न उपभोक्ता समुहलाई आवश्यक पर्ने लगानी जुटाउन निर्देशिका तयार गर्न समन्वय गर्ने ।
- सब डि.ब.का. को पहलमा मासिक रुपमा कम्तिमा २ वटा समुहबाट भए गरेका सम्पुर्ण कृयाकलापहरुको विवरण प्रस्तुत गर्न अभिमुखीकरण कार्यक्रम संचालन गर्ने र सो अनुरुप विवरण प्रस्तुत भए नभएको बिषयमा अनुगमन गर्ने ।
- वन समुहको संस्थागत बिकास सम्बन्धी समुहमा नै अर्न्तक्रिया, अभ्यास गराउने कार्यक्रम संचालन गर्न पहल गर्नुपर्ने ।
- स्वयं डिभिजन वन कार्यालयले समय समयमा समुहको गतिबिधि बारे सुझाव, सल्लाहका लागि अनुगमन गर्न उपयुक्त हुने ।
- आर्थिक श्रोत परिचालन, लेखा व्यवस्थापन, लेखापरिक्षण, बार्षिक प्रतिबेदन तयारी संबन्धि अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने ।
- राम्रा काम गर्ने समुहबाट अनुभवहरु आदान प्रदान गर्न उपभोक्तहरुको आन्तरिक भ्रमणका लागि सहयोग, समन्वय गर्नुपर्ने वा समुहसंग भएको आर्थिक श्रोतहरु जुटाई कार्यक्रम संचालन गर्न पहल गर्नुपर्ने ।

# भाग - ३

## डिभिजन वन कार्यालयको सामुदायिक वन सम्बन्धि कार्यक्रम

सामुदायिक वनमा संचालन हुने कार्यक्रमलाई एकिकृत, सन्तुलित तथा समन्वयकारी ढंगबाट संचालन गरी भविष्यमा थप जनमुखी बनाउदै लैजान जनसहभागीताको अधिकतम उपयोग गरी कार्यक्रम कार्यान्वयन गर्नका लागि संघीय शसर्त तथा प्रदेश कार्यक्रम अर्न्तगत चालु आ.ब. ०८१।०८२ मा स्वीकृत भएका सामुदायिक वन केन्द्रित विभिन्न कार्यक्रम संचालन गरीएको थियो । उपभोक्ता समूह तथा स्थानीय निकाय, जन प्रतिनिधिको हरुको संगको समन्वयमा संभावित वनक्षेत्र तथा समूहको पहिचान गरी  कार्यक्रम संचालन गर्न जोड दिईनुका साथै सामुदायिक वन ब्यबस्थापनको प्राबिधिक तथा सामाजिक पक्षहरुलाई सुदुढ गर्दै संरक्षण, सदुपयोग तथा रोजगारी एवं आयमुलक उपलब्धीहरु मार्फत् वन विकासको लक्ष्य हासिल गर्नको लागि यस्ता कार्यक्रमले योगदान पुरयाउने अपेक्षा गरिएको छ । यस आ.व.मा डिभिजन वन कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सामुदायिक वनहरुमा संचालन गरिएका कार्यक्रहरुको विवरण यहा प्रस्तुत गरिएको छ ।

### ३.१ उपभोक्ता समुह गठन

यस डिभिजनको स्थापना पूर्व साबिक जिल्ला वन कार्यालय रुपन्देही बाट गठित समूह र यस डिभिजनबाट गठित गरी यस डिभिजन वन कार्यालय अन्तर्गत हाल सम्म १५७  वटा सामुदायिक वन उपभोक्ता समूहहरु गठन भएका छन् । यस आ.व. २०८१।८२ मा नयाँ उपभोता समुह गठनको प्रकृयामा रहेका सामुदायिक वनहरु निम्नानुसार रहेका छन ।

**तालिका १३ः उपभोता समुह गठनको विवरण**

| क्र.सं. | सामुदायिक वनको नाम | ठेगाना | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १ | गोन्टे सामुदायिक वन | भूमे गा.पा.२, काँकी | २५४.०८ | |
| २ | रानीकोट सामुदायिक वन | सिस्ने गा.पा.५, रानिकोट | ९८.४८ | |
| ३ | गापातारा सामुदायिक वन | भूमे गा.पा.९, चुन्बाङ | ७१.१२ | |
| ४ | बराह सामुदायिक वन | भूमे गा.पा. १, बराह | ४३६.८६ | |

## ३.२ सामुदायिक वनको कार्ययोजना तयारी तथा पुनरावलोकन

यस आ.व.मा अघिल्लो आ.व.हरुमा नै समूह गठन भई कार्ययोजनाको म्याद समाप्त भएका १२ वटा - हालसम्म)सामुदायिक वनको कार्ययोजना पुनारावलोकन/नबिकरण गरिएको छ । यस आ.व.मा वन व्यवस्थापन कार्ययोजना तयारी तथा पुनरावलोकनको प्रकृयामा रहेका सामुदायिक वनहरु निम्नानुसार रहेका छन् ।

**तालिका १३ः कार्ययोजन तयारी/पुनरावलोकनको विवरण**

| क.सं. | सामुदायिक वनको नाम | ठेगाना | क्षेत्रफल ( हे.) | कैफियत |
|---|---|---|---|---|
| १ | हिमालय लालिगुँरास | पुथा उत्तरगंगा ४ | २५२.६४ | कार्ययोजना नविकरण |
| २ | सागवारी | सिस्ने १ | ४१७.५३ | कार्ययोजना नविकरण |
| ३ | फुलबारी | भूमे ७ | ४२२.५८ | कार्ययोजना नविकरण |
| ४ | साउनेपानी | सिस्ने ८ | २५.९४ | कार्ययोजना नविकरण |
| ५ | कुलावन | सिस्ने ४ | ९.६४ | कार्ययोजना नविकरण |
| ६ | डालीबाङ | भूमे ५ | १६९.७६ | कार्ययोजना नविकरण |
| ७ | रामली | भूमे २ | १३९.८४ | कार्ययोजना नविकरण |
| ८ | सिमपातल(क) | सिस्ने ८ | ५.५१ | कार्ययोजना नविकरण |
| ९ | तरबरा महिला | सिस्ने ६ | ४.०४ | कार्ययोजना नविकरण |
| १० | नाखरखोला | भूमे ६ | १३.४९ | कार्ययोजना नविकरण |
| ११ | लाम्दावाली | भूमे ३ | ४७.४६ | कार्ययोजना नविकरण |
| १२ | पोखरा | सिस्ने ३ | ७७.४८ | कार्ययोजना नविकरण |

## ३.३ सामुदायिक वनको  अनुगमन

सामुदायिक वनको उपभोक्ता समूहको कार्ययोजनाले निर्दिष्ट गरेको कार्यहरु संचालन भए नभएको तथा ती सामुदायिक वनहरुलाई आवश्यक निर्देशन एबं पृष्ठपोषण प्रदान गर्न डिभिजन अन्तर्गतका सामुदायिक वनहरुको अनुगमन तथा निरीक्षण गर्ने कार्य सम्पन्न भएको छ। सो अनुगमन समेतका आधारमा यो पुस्तिका तयार पारिएको हो ।

## ३.४ सामुदायिक वनमा झाडिसफाई कार्यक्रम

झाडिसफाई विशेष गरी प्राकृतिक वनको झडीदार अवस्थामा गरिन्छ। अनावश्यक खालका वनमारा, झाडी, झारपात एवं लहराहरुले गर्दा ईच्छाइएको विरुवाको समृद्धिको लागी उपयुक्त वातावरण तयार हुन नसकेको सामुदायिक वनको क्षेत्रमा वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने उद्धेश्य राखी निम्न सामुदायिक वनमा झाडिसफाई क्रियाकलाप सञ्चालन गरिएको थियो ।

❖ **कार्यक्रम सँग संम्बन्धी तस्बीरहरु**





